# आकाशवाणी समाचार- नेपाली

मितिः २ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- वित्त मंत्री निर्मला सीतारमण द्वारा हिज पेश गरिएको बर्ष 2025-26 को केंद्रीय बजट 2025-26 माथि पूर्वोत्तर क्षेत्रका अर्थशात्रिहरुले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका छन् ।
- वक्फ (संशोधन) विधेयकको जांच गर्ने संयुक्त संसदीय समिति (जेपीसी) को रिपोर्ट भोलि सोमवार लोकसभामा पेश गरिनेछ ।
- निर्वाचन आयोगले दिल्लीका मुख्य चुनाव अधिकारीलाई स्वतंत्र, निष्पक्ष अनि कुनै पनि प्रकारको प्रलोभन बाट मुक्त चुनाव सुनिश्चित गर्न सबै आवश्यक उपायहरु गर्ने निर्देश दिएको छ।छत्तीसगढको बिजापुर जिल्लामा हिजो सुरक्षा बलसँगको भिडन्तमा आठ माओवादी मारिएका छन्।
- भारत अनि इंग्लैंड बीच टी-20 क्रिकेट श्रृंखलाको पांचओ अनि अन्तिम म्याच आज शाम मुंबईमा खेलिनेछ। म्याच भारतीय समयानुसार साँझ 7 बजे देखि शुरू हुनेछ।

<u>राजनाथ - बजट</u>

रक्षा मंत्री राजनाथ सिंहले भन्नुभएको छ कि केंद्रीय बजटमा समाजका सबै बर्गहरुलाई सशक्त बनाउन देखि लिएर सर्वसमावेशी दृष्टिकोण अपनाईको छ। श्री सिंहले एक सोशल मीडिया पोस्टमा भन्नुभयो कि बजटमा मध्यम अनि वेतनभोगी वर्गको विशेष ध्यान रखिएको छ। उहाले 12 लाख रुपियाँसम्मको वार्षिक आय भएकाहरुलाई आयकरमा राहत दिने निर्णयको स्वागत गर्नुभएकोछ। रक्षा मंत्रीले भन्नुभयो कि रक्षा क्षेत्रमा भारतलाई आत्मनिर्भर बनाउने प्रधानमंत्री नरेंद्र मोदीको दृष्टिकोणलाई यस बजटमा अझ बढ़ावा दिईएको छ। उहाले अझ भन्नुभयो ,बर्ष 2025-26 को लागि रक्षा मंत्रालयको लागि 6 लाख 81 हजार करोड रुपियाँ आवंटित गरिएको छ।

****** ० ******

<u>केंद्रीय बजट बिहार</u>

केंद्रीय मंत्री चिराग पासवानले केंद्रीय वित्त मंत्री निर्मला सीतारमण द्वारा पेश गरिएको बजटको स्वागत गर्दै भन्नुभएको छ कि एक बिहारी भएकोले ,मलाई गर्व छ कि केंद्रीय बजटमा बिहार लाई धेरै ठुला परियोजनाहरुको उपहार प्राप्त भएको छ। मुख्य घोषणाहरुमा पश्चिमी कोसी नहर परियोजना सामेल छ , जसद्वारा 50,000 हेक्टेयर भूमिमा खेती गर्ने कृषकहरुलाई लाभ पुग्नेछ अनि सिंचाई सुविधाहरुमा उल्लेखनीय सुधार हुनेछ। बिहारमा तीन वटा नयाँ ग्रीनफील्ड हवाई अड्डाहरू पनि बनिनेछ , जसले राज्यको बढ़दो विमानन मांगहरुलाई पूरा गर्नेछ। यसै बीच, बिहारका उद्योग अनि पर्यटन मंत्री नीतीश मिश्राले बजटको प्रशंसा गर्दै यसलाई कृषकहरु , महिलाहरु , युवाहरु अनि मध्यम वर्गको कल्याणको लागि समर्पित बताउनुभयो।

****** ० ******

<u>पूर्वोत्तर बजट प्रतिक्रिया</u>

पूर्वोत्तर क्षेत्रका अर्थशात्रिहरुले केंद्रीय बजट 2025-26 माथि सकारात्मक प्रतिक्रिया व्यक्त गरेका छन्। असम केंद्रीय विश्वविद्यालयमा अर्थशास्त्र विभागका प्रमुख प्रो. रितिक मजुमदारले बजटलाई मध्यम वर्गको हितमा रहेको बताउनु भयो। उन्होंने

****** ० ******

आय करदाताहरुलाई दिईएको राहतको पनि सराहना गर्नुभएको छ।

****** ० ******

केंद्रीय बजट असम मुख्यमंत्री

असमका मुख्यमंत्री हिमंत बिस्वा सरमाले भन्नुभएको छ कि वित्त मंत्री निर्मला सीतारमण द्वारा पेश गरिएको केंद्रीय बजटले असमको विकासलाई गति दिनेछ अनि राज्यमा उद्यमिहरुका लागि नयाँ अवसर ल्याउने छ। सोशल मीडिया पोस्टमा सरमाले भन्नुभयो – आजको विकसित भारत बजट 2025 ले एउटा नयाँ ऊर्जा लिएर आएकोछ जसले असमको विकासलाई गति दिनेछ , हाम्रा उद्यमिहरुलाई एउटा नया बल प्रदान गर्नेछ , हाम्रा कृषकहरु अनि बागानको अर्थव्यवस्थालाई बलियो बनाउनेछ अनि मध्यम वर्गको आकांक्षाहरुलाई पूरा गर्नेछ।

****** ० ******

जम्मू-कश्मीर राज्यपाल यूनियन बजट

जम्मू-कश्मीरका राज्यपाल मनोज सिन्हाले पनि केंद्रीय बजटको सराहना गर्नुभएकोछ। सोशल मीडिया पोस्टमा - उपराज्यपालले वित्त मंत्री श्रीमती निर्मला सीतारमणलाई विकसित भारतको लागि एक व्यावहारिक बजटको तैयार पर्नु भएकोमा धन्यवाद दिनुभएको छ।

****** ० ******

जेपीसी रिपोर्ट लोकसभा

वक्फ (संशोधन) विधेयकको जांच गर्ने संयुक्त संसदीय समिति (जेपीसी) को रिपोर्ट भोलि सोमवार लोकसभामा पेश गरिनेछ। लोकसभा सचिवालय द्वारा जारी बुलेटिन अनुसार, समितिका अध्यक्ष जगदंबिका पाल अनि सदस्य संजय जयसवाल रिपोर्ट सदनमा राखिनेछ। समितिले गत बुधबार लोकसभा अध्यक्ष ओम बिरलालाई रिपोर्ट सुम्पिएको थियो। समितिले गत बुधवार जुन रिपोर्ट स्वीकार गरेको छ , त्येसमा सत्तारूढ़ एनडीए का सदस्यहरु द्वारा दिईएको सुझाउहरु सामेल छन्। विधेयक माथि संयुक्त समिति समक्ष दिईएको साक्ष्योंहरुको रिकॉर्ड पनि पेश गरिनेछ। वक्फ संशोधन विधेयक माथि जेपीसी ले विधेयकको मसौदाहरुलाई स्विकृति दिएको छ , जसमा भाजपाको नेतृत्वमा रहेको राष्ट्रीय जनतांत्रिक गठबंधन (एनडीए) का सदस्यहरु द्वारा प्रस्तावित 14 वटा संशोधनहरुलाई सामेल गरिएको छ। जेपीसीका अध्यक्ष जगदंबिका पालले पुष्टि गर्नुभएको थियो कि संशोधनहरुलाई बहुमत द्वारा अपनाईएको थियो , जसमा 16 सदस्यहरुले परिवर्तनको समर्थन गरे अनि 10 जनाले विरोध गरे। वक्फ संशोधन विधेयकको उद्देश्य बर्ष 1995 को वक्फ अधिनियममा सुधार गर्नु हो , जसले भारतमा वक्फ संपत्तिहरुको प्रबंधनलाई विनियमित गर्दछ।

****** ० ******

**दिल्ली चुनाव- विजयवासन**

दिल्ली विधानसभा चुनावको लागि बुधबार मतदान हुनेछ। आकाशवाणी समाचवारले ७० जना सदस्यहरूको दिल्ली विधानसभा चुनाव विषयमा विशेष श्रृंखला प्रसारित गर्नेछ। आज विजवासन निर्वाचन क्षेत्रबारे जानकारी लिइनेछ।

****** ० ******

निर्वाचन आयोग दिल्ली चुनाव

निर्वाचन आयोगले दिल्लीका मुख्य चुनाव अधिकारीलाई स्वतंत्र, निष्पक्ष अनि कुनै पनि प्रकारको प्रलोभन बाट मुक्त चुनाव सुनिश्चित गर्न सबै आवश्यक उपायहरु गर्ने निर्देश दिएको छ। निर्वाचन आयोगले सबै जिला चुनाव अधिकारिहरुलाई वरिष्ठ पुलिस अधिकारिहरु सित विशेष बैठक गर्ने बताएको छ ताकि मतदान भन्दा पुर्बको महत्वपूर्ण 72 घन्टामा कानून व्यवस्था माथि कडा नजर राख्न सकियोस्। बैठकमा सामान्य, पुलिस अनि व्यय पर्यवेक्षहरु पनि उपस्थिति हुन पर्नेछ। आयोगले भनेको छ कि कानून लागू गर्ने सबै एजेंसिहरुलाई धन, बलको दुरूपयोग रोकने माथि कडा नजर राख्नु पर्नेछ। आयोगले अतंराज्यीय पुलिस चौकिहरु , आबकारी अनि व्यवासायिक कर जांच-चौकिहरु माथि कडा निगरानी राख्न माथि जोर दिईएको छ ताकि मादक पदार्थ, मदिरा , नकदी, अनि अन्य गैर कानूनी वस्तुहरुको आवाजाही माथि नजर राख्न सकियोस्।

****** ० ******

दिल्ली चुनाव -घर से मतदान

दिल्लीको सबै 70 विधानसभा क्षेत्रहरुमा घरबाटनै मतदान गर्ने सुविधाको धेरै उत्साह सित उपयोग गरिँदैछ। दिल्लीको मुख्य चुनाव कार्यालयले एक बयानमा भनेको छ कि यो सुविधा 85 वर्ष भन्दा अधिक आयुका वरिष्ठ जन अनि दिव्यांग मतदाताहरुका लागि 4 फरवरी सम्म उपलब्ध रहनेछ। गत महिनाको 31 तारीख सम्म घर बाटै मतदान गर्न पात्र 92 प्रतिशत पंजीकृत मतदाताहरुले सफलतापूर्वक मताधिकारको उपयोग गरेका छन्। जसमा 5 हजार 9 सय 82 वरिष्ठ नागरिक अनि 998 दिव्यांगजन छन्।पश्चिमी जिल्लामा सर्वाधिक 94 प्रतिशत मतदाताहरुले यस सुविधाको उपयोग गरे। निर्वाचन आयोगको विनियमहरुको पालन गर्दै , पारदर्शी अनि समावेशी चुनाव सुनिश्चित गर्नको लागि प्रत्याशिहरुलाई मतदान तिथि अनि यस्ता मतदाताहरुको सूची उपलब्ध गराईएको थियो। घरबाट मतदान गर्नेहरुको संख्याबाट मतदाताहरुको जागरूकता अनि लोकतंत्रलाई बलियो बनाउनमा उनिहरुको भागीदारी स्पष्ट हुंदछ।

****** ० ******

## छत्तीसगढ माओवादीहरू

छत्तीसगढको बिजापुर जिल्लामा हिजो सुरक्षा बलसँगको भिडन्तमा आठ माओवादी मारिएका छन्। पुलिसका अनुसार जिल्लाको गंगालुर क्षेत्रमा माओवादीहरू रहेको बारेमा गुप्तचर सूचना प्राप्त भएपछि सुरक्षा बलको संयुक्त टोलीले खोजी अभियान सुरु गरेको थियो। दुवै तर्फबाट गोलीबारी भएपछि घटनास्थलबाट आठ नक्सलीको शव, राइफल र ग्रेनेड बरामद भएको थियो। अन्तिम समाचार प्राप्त हुँदासम्म उक्त क्षेत्रमा खोजी कार्य जारी थियो।

****** ० ******

## महाकुम्भ-ओडीओपी

उत्तर प्रदेशको प्रयागराज महाकुम्भ मेलाले राज्यका शिल्पकार र कारीगरहरूलाई आफ्नो हस्तकला उत्पादनहरू प्रदर्शन गर्न एक बलियो प्लेटफर्म प्रदान गरिरहेको छ। हाम्रा संवाददाताले बताएअनुसार एक जिल्ला एक उत्पादन प्रदर्शनीले राज्यको समृद्ध सांस्कृतिक सम्पदाको प्रदर्शन गर्दछ। प्रदर्शनीमा राज्यका ७५ जिल्लाका अद्वितीय भौगोलिक उत्पादनहरू हेर्न सकिन्छ।

****** ० ******

## कुंभ विदेशी प्रतिनिधिमंडल

महाकुंभ मेलामा आज 77 देशहरुका राजनयिकहरु अनि मिशन प्रमुखहरु सहित 118 सदस्यीय विशेष विदेशी प्रतिनिधिमंडलले आफ्ना श्रीमतीहरूसहित उत्तर प्रदेशको प्रयागराजमा रहेको त्रिवेणी संगममा पवित्र स्नान गरे अनि यस सुभ अवसरमा आफ्नी खुसि ब्यक्त गरे | विभिन्न देशहरुका राजदूतहरु अनि उनका परिवारहरुले भारतीय संस्कृति अनि आध्यात्मिकताको सराहना गरे अनि यस विशाल आध्यात्मिक अनि धार्मिक आयोजनमा गरिएको व्यवस्थाहरुको प्रसंशा गरे। प्रतिनिधिमण्डलले केन्द्र र उत्तर प्रदेश सरकारप्रति कृतज्ञता व्यक्त गर्दै यस पवित्र स्थानमा पुग्नुलाई एक अनौठो अनुभव रहेको बताए **अर्कोतिर** महाकुम्भ मेलामा सहभागी भएर फर्किंदै गरेको वाहन दुर्घटना हुँदा ५ जना नेपालीहरुको मृत्यु भएको छ भने ४ जना गम्भीर घाइते भएका छन्। बिहारको सहर मुज्फरपुरमा हिजो साँझ नेपाली तीर्थयात्री बोकेको वाहन दुर्घटनामा परेको नेपालको धनुषा पुलिसका डीएसपी वरुणबहादुर सिंहले जानकारी दिनु भएको छ। डीएसपी सिंहका अनुसार मृतक धनुषा र महोत्तरी जिल्लाका छन्।

****** ० ******

## क्रिकेट- भारत-इंग्लैंड

भारत अनि इंग्लैंड बीच टी-20 क्रिकेट श्रृंखलाको पांचओ अनि अन्तिम म्याच आज शाम मुंबईमा खेलिनेछ। म्याच भारतीय समयानुसार साँझ 7 बजे देखि शुरू हुनेछ। भारतले अघिबाटै श्रृंखला 3-1 ले जितीसकेको छ। भारतले पहिलो दुई वटा म्याचमा जीत प्राप्त गरेको छ जबकि इंग्लैंडले तेस्रो तीसरे म्याचा जितेको छ। सूर्य कुमार यादवको नेतृत्वमा रहेको भारतीय टोलीले चौथो रोमांचक म्याच 15 रनले जितेको थियो। टी-20 श्रृंखला पछि दुवै टीमहरु बीच तीन एकदिवसीय म्याच खेलिने छ। पहिलो म्याच आगामी पांच फरवरीमा , दोस्रो 9 फरवरीमा अनि तेस्रो म्याच 12 फरवरीमा खेलिनेछ।

****** ० ******